कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्षः २४ | अंकः २९६ | वि.सं. २०८१ फागुन ५ सोमवार | नेपाल संवत्: ११४४, फागुन कृष्ण पञ्चमी | Monday 17 February 2025 | yugaawhan@gmail.com | पृष्ठः ४ | मूल्यः ५।-

सुधि्रँदै कर्णालीको स्वास्थ्य पूर्वाधार

## १० लाख जनसंख्यालाई लक्षित गरेर राकम कर्णालीमा स्याटालाइट अस्पताल बन्दै

◣रमेश रावल
सुर्खेत, ४ फागुन ।

कर्णालीमा स्वास्थ्य सेवा प्रवाह क्षेत्रमा फड्को मार्न थालेको छ। कुनै बेला रोक, भोक र गरिबीको उपमा दिदैँ आएको कर्णालीमा अहिले स्वास्थ्य क्षेत्रमा फड्को मार्न लागेको हो। दैलेख जिल्लाको आठबिस नगरपालिका-४ राकममा ५० शैय्याको अस्पताल बन्ने भएको छ। कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लाको 'स्याटलाइट' अस्पताल रुपमा राकममा अस्पताल बन्न लागेको हो।



यो अस्पताल निर्माणमा भएमा कर्णाली प्रदेशको कर्णाली करिडोर क्षेत्रमा तीन वटा अत्याधुनिक बिषेशज्ञ सेवासहितका तीन वटा अस्पताल थपिने छ। सुर्खेतमा कर्णाली प्रदेश अस्पताल त्यसको नजिकै रहेको दैलेखको राकममा प्रतिष्ठानको स्याटलाइट अस्पताल र जुम्लामा रहेको प्रतिष्ठानको शिक्षण अस्पताल रहनेछन्। यी तिन वटा अस्पताल निर्माणमा भएमा यहाँका नागरिकको स्वास्थ्य सेवामा पहुँच बृद्धि हुनेछ।

नागरिकले घरदैलोमा बिषेशज्ञ सेवाको पहुँच पाउने छन्। दैलेखको आठबिस नगरपालिका र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानबीच १० फागुन २०७६ मा भएको सम्झौता अनुसार संघीय सरकारले २८ माघमा राकममा रहेको १५ शैयाको अस्पताललाई कर्णाली विज्ञान प्रतिष्ठानको जिम्मा लगाउने निर्णय गरेको छ।

त्यो बेला नगरपालिका र प्रतिष्ठानबीचमा एक सय शैयासहितको शिक्षण अस्पताल सञ्चालनका लागि कर्णाली प्रदेश र संघ सरकारसँग सहयोग माग्ने सम्झौता गरेका थिए। त्यस्तै, यही पुष १९ गते बसेको नगरसभाले आधारभूत अस्पताललाई कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई हस्तान्तरण गर्ने निर्णय गरेको थियो। नगरपालिकाले आधारभूत अस्पतालका रुपमा विकास गर्न लागेको अस्पताललाई प्रतिष्ठानको मातहतमा रहने गरी संघीय सरकारले प्रक्रिया

▶▶ बाँकी ४ पेजमा

### १० शैयाको ट्रमा सेन्टर निर्माण हुँदै

राकम कर्णालीमा १० शैयाको ट्रमा सेन्टर निर्माण सुरु भएको छ। अबको १२ महिनाभित्र निर्माणको काम सक्ने गरि ट्रमा सेन्टर बन्न लागेको हो। कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानबीच भएको सम्झौता अनुसार ट्रमा सेन्टरसहितको शिक्षण अस्पताल स्थापनाको प्रक्रिया अघि बढेको छ। नगरपालिका र प्रतिष्ठानबीचमा भएको सम्झौतामा राकम कर्णालीमा एक सय शैय्याको शिक्षण अस्पताल निर्माण गरी नागरिकलाई गुणस्तरीय र विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गर्ने उल्लेख थियो।

त्यसै अन्तर्गत ट्रमा सेन्टर बनाउने निर्माणको प्रक्रिया थालिएको हो।

▶▶ बाँकी ३ पेजमा

## नवौं लुम्बिनी प्रदेश स्तरीय प्रदर्शनीमा १५० भन्दा बढी उद्यमीको सहभागिता

◣सरला सुवेदी
बाँके, ४ फागुन ।

महिला उद्यमी संघ नेपाल बाँकेले फागुन ६ देखि १० गतेसम्म नेपालगन्जमा 'नवौं लुम्बिनी प्रदेश स्तरीय प्रदर्शनी २०८१' आयोजना गर्ने भएको छ। नेपालगन्जस्थित बागेश्वरी मन्दिर पूर्वमा रहेको पार्कमा सञ्चालन गरिने प्रदर्शनी बारे आइतबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको हो।

प्रदर्शनी महिला उद्यमी संघ बाँके र नेपालगन्ज उपमहानगरपालिकाको सहकार्यमा आयोजना गरिँदैछ। संघकी अध्यक्ष साबित्रा बस्नेतका अनुसार नवौं संस्करणलाई थप प्रभावकारी बनाउन नयाँ कार्यक्रमहरू थपिएको छ। "यो प्रदर्शनी महिला उद्यमीहरूको उत्पादन, सीप, तथा नवप्रवर्तनलाई प्रवर्द्धन गर्ने मुख्य थलो हुनेछ," उनले बताए।

प्रदर्शनीमा बाँके, बर्दिया, सुर्खेत, दाङ, प्युठान, रोल्पा, पूर्व रुकुम, सल्यान लगायतका जिल्लाका महिला उद्यमीहरूले भाग लिनेछन्। करिब ६० वटा स्टल रहने प्रदर्शनीमा १५० भन्दा बढी महिला उद्यमीहरूले आफ्ना उत्पादनहरू प्रदर्शन तथा बिक्री गर्नेछन्। संघकी प्रथम उपाध्यक्ष एवम् कार्यक्रम संयोजक रेवती सिंहका अनुसार प्रदर्शनीमा तीन फरक विशेष कार्यक्रम समावेश गरिएको छ।

फागुन ७ गते महिला उद्यमी उत्प्रेरणा कार्यक्रम, जसमा महिला उद्यमशीलताको सम्भावना र चुनौती बारे विज्ञहरूसँग छलफल गरिनेछ। फागुन ८ गते युवा उद्यमशीलता र स्वरोजगार उत्प्रेरणा कार्यक्रम

▶▶ बाँकी ४ पेजमा

कर्णाली प्रदेश सरकार

### सामाजिक विकास मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

**महिला उद्यमी पुरुस्कार वितरण सम्बन्धी सूचना**

प्रकाशित मितिः २०८१।१०।२१

यस मन्त्रालयको आ व २०८१।०८२को स्वीकृत वार्षिक कार्यक्रम अनुसार अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा प्रत्येक जिल्लाबाट एक एक जना महिला उद्यमीलाइ पुरुस्कार प्रदान गर्ने कार्यक्रम रहेको छ। पुरुस्कारका लागि महिला उद्यमी पुरुस्कार वितरण कार्यविधि २०८१को दफा ३ को उपदफा १ बमोजिम इच्छुक योग्य महिला उद्यमीले यो सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र मन्त्रालयमा अनुसुची १ बमोजिमको ढाँचामा अनुसुचीमा उल्लेख गरिएका कागजात सहित आवेदन दिनुहुन यो सुचना प्रकाशन गरिएको छ।

महिला उद्यमी पुरुस्कार वितरण कार्यविधि २०८१ मन्त्रालयको वेब साइटःmosd.karnali.gov.np हेर्न सकिने छ।

## आजदेखि कर्णाली उत्सवको छैठौ संस्करण

◣युग संवाददाता
सुर्खेत, ४ फागुन ।

कर्णालीलाई विचार र विमर्शका माध्यमबाट समृद्ध बनाउन थालिएको कर्णाली उत्सव कुडा कर्नालीका' सोमबार सुरु हुने भएको छ। आइतबार आयोजित पत्रकार सम्मेलनमार्फत कर्णालीलाई चिन्ने र चिनाउने बहस र विमर्शको तयारी पूरा भएको आयोजक ऋति फाउन्डेसनले जनाएको छ।

कुराकानीका माध्यमबाट कर्णाली प्रदेशको पहिचान र सम्भावना केलाउन यस्तो प्रयास थालिएको उत्सवका संयोजक कमल लम्सालले बताए। 'परम्परागत रुपमा हुने कचहरी वा बैठकको आधुनिक रूप हो कर्णाली उत्सव। कर्णाली उत्सवका माध्यमबाट हामी कर्णालीमा सार्वजनिक बहसको शृंखला थालनी गरेका हौं,' लम्सालले भने, 'यसले मूलतः कर्णालीलाई केलाउँछ, समृद्ध कर्णाली निर्माणका लागि नीति निर्मातालाई सुझाव दिन्छ र सार्वजनिक पदाधिकारीलाई उत्तरदायी बनाउन प्रयास गर्छ।'

ऋति फाउन्डेसनले थालेको सामाजिक अभियानमा विभिन्न तहका सरकार गैरसरकारी संघ

▶▶ बाँकी ४ पेजमा

घरजग्गा कारोबार :

## माघमा तीन अर्ब ८७ करोड राजस्व सङ्कलन

◣युग संवाददाता
काठमाडौँ, ४ फागुन ।

देशभर घरजग्गाको कारोबार सुधारोन्मुख देखिएको भए पनि गत पुसको तुलनामा माघमा भने राजस्व सङ्कलनमा गिरावट आएको छ। घरजग्गा कारोबारको विवरण राख्ने भूमि व्यवस्था तथा अभिलेख विभागका अनुसार गत माघमा रु तीन अर्ब ८७ करोड २४ लाख ८१ हजार छ सय ४७ बराबर राजस्व सङ्कलन भएको छ।

गत पुसमा रु चार अर्ब २५ करोड २२ लाख २१ हजार सात सय ७९ राजस्व सङ्कलन भएको थियो। विभागका अनुसार गत मङ्सिरमा रु तीन अर्ब ८७ करोड ४८ लाख २६ हजार नौ सय ७६ राजस्व प्राप्त भएको थियो। चालु आर्थिक वर्षको सात महिनाको विवरणअनुसार राजस्व सङ्कलनमा सामान्य वृद्धि भएको छ।

गत आवको सोही अवधिको तुलना चालु आवको सात महिनामा राजस्व सङ्कलनमा झण्डै १४ प्रतिशतले वृद्धि भएको छ। चालु आवको माघ मसान्तसम्म कुल रु २४ अर्ब ७१ करोड बराबर राजस्व सङ्कलन भएको भूमि व्यवस्था तथा अभिलेख विभागले जनाएको छ।

गत आवको सोही अवधिमा रु २१ अर्ब ६५ करोड बराबर राजस्व सङ्कलन भएको थियो। गत माघमा कुल ४६ हजार ५० हजार ६९ लिखत पारित भएको थियो भने गत पुसमा त्यो सङ्ख्या ४८ हजार एक सय ५६ थियो। काठमाडौँ उपत्यकाभित्रका विभिन्न नौवटा मालपोत कार्यालयमध्ये सबैभन्दा बढी भूमिसुधार तथा मालपोत कार्यालय लगनखेलले राजस्व सङ्कलन गरेको छ। सो कार्यालयले रु ३३ करोड ७४ लाख राजस्व सङ्कलन गरेको विवरणमा देखिन्छ।

त्यस्तै, डिल्लीबजार मालपोत कार्यालयले रु २६ करोड ९२ लाख, कलङ्की मालपोतबाट रु २६ करोड एक लाख, मालपोत कार्यालय चाबहिलले रु २० करोड ८० लाख तथा भक्तपुर मालपोत कार्यालयले रु २४ करोड ४२ लाख बराबरको राजस्व सङ्कलन गरेको विभागले जनाएको छ।

## किसानलाई अनुदानमा स्याउको बिरुवा वितरण

◣युग संवाददाता
डोल्पा, ४ फागुन ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले यहाँ विभिन्न जातका स्याउका बिरुवा वितरण गरेको छ। स्याउ जोन प्रभाव क्षेत्रमा क्षेत्रफल विस्तार कार्यक्रमअन्तर्गत प्रस्ताव आह्वान भइ छनौंट भएका कृषक समूह/सहकारी/फर्मलाई ५० प्रतिशत अनुदानमा १२ हजार छ सय बिरुवा वितरण गरिएको छ।

स्याउ जोन प्रभाव क्षेत्र ठुलीभेरी नगरपालिका, जगदुल्ला गाउँपालिका र त्रिपुरासुन्दरी नगरपालिकाको ३ र ४ का कृषकलाई गोल्डेन, रोयल, रेड डेलिसियस, रेड रिचाड जातका स्याउका कलमी बिरुवा वितरण गरेको परियोजना कार्यान्वयन एकाइका प्रमुख गोविन्दबहादुर मल्लले जानकारी दिए। डोल्पा स्याउ खेती र सिमी खेतीको लागि उपयुक्त ठाउँ भएको हुँदा विशेष योजनाका साथ कार्यालयले काम गरिरहेको उनले बताए। मुड्केचुला र काइके गाउँपालिकामा भने सिमी जोन कार्यक्रम लागू भइरहेको छ।






# भूमिसम्बन्धी अध्यादेशमा प्रश्न



✍ **जगत देउजा**

भूमिसम्बन्धी ऐनको दफा ५२ क (सातौं संशोधन, २०७५) मा नेपाल सरकारले भूमिहीन दलितलाई एक पटकका लागि तोकिएबमोजिम तीन वर्षभित्र जमिन उपलव्ध गराउने व्यवस्था छ। त्यस्तै, आठौं संशोधनको दफा ५२ ख मा भूमिहीन सुकुम्बासीलाई एकपटकका लागि नेपाल सरकारले उपदफा ४ को अधिनमा रही निजहरूले आवाद कमोत (खेतीपाती) गर्दै आएको स्थानमा वा अन्य कुनै सरकारी जग्गामा तोकिएको क्षेत्रफलको हदमा नबढ्ने गरी जग्गा उपलब्ध गराउने उल्लेख छ।

५२ ग मा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने विषय समावेश छ। जसमा ऐलानी वा अन्य सरकारी जग्गा वा अभिलेखमा वन क्षेत्र जनिएको भए तापनि आवादीमा परिणत भएको जग्गामा ऐन लागू भएको थियो, २०७६ माघमा। कम्तीमा १० वर्ष अघिदेखि आवाद कमोत गरिआएका अव्यवस्थित बसोबासीलाई एकपटकका लागि नेपाल सरकारले निजहरूले आवाद कमोत गर्दै आएको स्थानमा तोकिएको क्षेत्रफलको हदमा नबढ्ने गरी जग्गा उपलव्ध गराउने व्यवस्था छ।

अव्यवस्थित बसोबासी व्यवस्थापन गर्दा पनि दफा ५२ को ख को उपदफा ४ मा उल्लेखित जग्गामा बसोबास गरेकालाई जग्गा उपलव्ध गराइने छैन।

उपदफा ४ मा के छ ? : उपदफा ४ मा कस्तो जग्गाको भूस्वामित्व दिन मिल्दैन भन्ने व्यवस्था छ। जसमा अन्यत्र जुनसुकै कुरा लेखिए तापनि (क) धार्मिक, सांस्कृतिक तथा सामरिक महत्वका क्षेत्रभित्रका जग्गा (ख) प्राकृतिक प्रकोप, विपद् व्यवस्थापन र वातावरणीय संरक्षणको दृष्टिबाट सुरक्षित गर्न आवश्यक देखिएको जग्गा (ग) सार्वजनिक जग्गा, नदी, खोला वा नहर किनाराको जग्गा, जोखिमयुक्त स्थानमा बसोबास गरिएको जग्गा, राष्ट्रिय निकुञ्ज वा संरक्षित क्षेत्रको जग्गा, हाल रूख बिरुवाले ढाकिएको वनको जग्गा र सडक सीमाभित्रका जग्गा (घ) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको प्रयोगका लागि आवश्यक रहेको जग्गा र (ङ) अन्य तोकिए बमोजिमका स्थानका जग्गा भूमिहीन र अव्यवस्थित बसोबासीलाई उपलब्ध नगराइने भनिएको छ।

अहिले फेरबदल गरिएको के हो ? : ऐनको दफा ५२ ख को उपदफा (४) मा संरक्षित क्षेत्रको जग्गाको साटोमा थप प्रस्ट गर्न आरक्षको जग्गा भनिएको छ। यो भनेको दिन नमिल्ने जग्गाको सूचीमा थपिएको हो। यसमा थप गरिएको विषय भनेको सुरु नापी हुँदाका बखत क्षेत्रीय नापी किताब वा लगतमा गौचर, हाट, हाटघाट वा बजार उल्लेख भएको जग्गामा दफा ५२ ग मा तोकेको समयावधिभन्दा अगावैदेखि घर टहरा बनाइ आवाद कमोत गर्दै आएका रहेछन् भने त्यस्तो जग्गा सुरु नापी हुँदाका बखत क्षेत्रीय नापी किताबको विरह महलमा वा लगतमा उल्लेख भएबमोजिम हाल उपयोगमा छैन। स्थानीय तहको कार्यपालिकाको किटानी निर्णयसहित लेखी आएमा त्यस्तो जग्गा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी वा अव्यवस्थित बसोबासीलाई उपलब्ध गराउन बाधा पर्ने छैन भन्ने व्यवस्था हो। यो व्यवस्था सबै गौचर, हाट, हाटघाट वा बजारका लागि होइन।

दफा ५२ ख को (४) पछि देहायको उपदफा (४ क) थप गरी दिन नमिल्ने जग्गामा वा नदी किनार, तालतलैयाको किनार, राष्ट्रिय निकुञ्ज, आरक्ष, वन क्षेत्र, सडकको मापदण्डभित्र वा अन्य जोखिमयुक्त स्थानमा बसोबास गरिरहेका भूमिहीन दलित वा भूमिहीन सुकुम्बासीलाई अन्यत्रै बसोबासको व्यवस्था मिलाउनु पर्ने छ भनिएको छ। यो पहिले स्पष्ट नभएकाले स्पष्ट गरिएको मात्र हो। दफा ५२ ग (१) मा ऐलानी वा अन्य सरकारी जग्गा वा अभिलेखमा वनक्षेत्रपछि मध्यवर्ती क्षेत्र भन्ने शब्द थप गरिएको छ। मध्यवर्ती क्षेत्रमा बसोबास गर्ने भूमिहीन र अव्यवस्थित बसोबासीलाई जग्गा व्यवस्थापन गर्ने विषय बिगतमा स्पष्ट नभएको भन्ने विषय सम्बोधन गर्नका लागि यो व्यवस्था गरिएको हुनुपर्छ।

दफा ५२ ग (३) उपदफा (१) बमोजिम अव्यवस्थित बसोबासीलाई जग्गा तोकिएको आठवटा वर्गीकरणको आधार व्यावहारिक नदेखिएको भनी विगत आयोगबाट अनुरोध भै आएको हुँदा अव्यवस्थित बसोबासीलाई जग्गा उपलव्ध गराउँदा जग्गाको प्रकृति, क्षेत्रफल र मूल्याकंनलाई समेत हेरी तोकिए बमोजिमको दस्तुर लिई जग्गाको स्वामित्व उपलब्ध गराउन व्यवस्था पहिलेको भन्दा कार्यान्वयन योग्य छ।

**भूमि ऐनमा भएको व्यवस्था अन्य ऐनसँग बाझिएको वा अस्पस्ट भएको समन्धमा स्पस्ट गर्न राष्ट्रिय**

निकुञ्ज ऐन, २०२९ को दफा ३ ख. मा मध्यवर्ती क्षेत्रका व्यवस्थापन तथा संरक्षणसम्बन्धी कार्य सम्बन्धित उपभोक्ता समितिको परामर्शमा संरक्षकले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले स्वीकृत गरेको व्यवस्थापन योजनाअनुसार गर्नुपर्नेछ। तर, यसरी व्यवस्थापन तथा संरक्षण गर्दा उक्त क्षेत्रमा रहेको स्थानीय जनताको भूस्वामित्वलाई कुनै असर पारिने छैन भन्ने साविकको व्यवस्थामा संशोधन गरी तर यसरी व्यवस्थापन वा संरक्षण गर्दा उक्त क्षेत्रमा रहेको स्थानीय जनताको भूवामित्वलाई कुनै असर नपर्ने गरी अभिलेखमा वन, वन क्षेत्र वा बुट्यान क्षेत्र जनिएको जग्गालाई पुनः नक्सांकन गरी वन क्षेत्रबाट छुट्ट्याइ नेपाल सरकारको नाममा कायम गरी अद्यावधिक गर्न बाधा पर्ने छैन भन्ने प्रतिबन्धात्मक वाक्यांश राखिएको छ।

वन ऐन, २०७६ को दफा ३ को उपदफा (२) मा जे छ, त्यसमा 'तर अभिलेखमा वन, वन क्षेत्र वा बुट्यान क्षेत्र जनिएको जग्गालाई पुनः नक्सांकन गरी वन क्षेत्रबाट छुट्ट्याइ नेपाल सरकारको नाममा कायम गरी अद्यावधिक गर्न बाधा पर्ने छैन भनी थपिएको छ। भूमिसम्बन्धी ऐन, २०७६ संघीय संसद्बाट बनेको ऐन हो। त्यो ऐनमा जुन व्यवस्था छ। त्यसको मर्मभित्र रहेको त्यसमा भएका केही अस्पष्टता र कार्यान्वयन क्रममा आइपरेका अप्ठेरा फुकाउन मात्र यो अध्यादेश ल्याएको पाइन्छ। कुनै भिन्न र नयाँ विषय यसमा समावेश छैन।

रूख बिरुवाले ढाकिएको क्षेत्र वितरण गर्न नमिल्ने सूचीमा स्पष्ट छ। यो व्यवस्था अनुरूप रूख बिरुवाले ढाकेको बन क्षेत्रको एक इन्चको पनि स्वामित्व कसैलाई दिन मिल्दैन। भूमिसम्बन्धी ऐन २०२१ को आठौं संशोधन भएको मिति २०७६ माघ २८ गतेसम्म बसोबास एवं आवादी भएको, हाल रूख बिरुवा नभएको, अभिलेखमा बन बुट्टेन, जंगल आदि लेखिएको जग्गा एक पटकका लागि सो क्षेत्रबाट पहिले सरकारीमा परिणत गरी भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई एक पटकका लागि व्यवस्थापन गर्न सकिने प्रबन्ध गरेको हो बरु यसले वन क्षेत्रको स्पष्ट सिमांकन भई थप उपयोग हुनबाट रोक्छ। र, यसले बन संरक्षणमा मद्दत गर्दछ।

यस अध्यादेशबाट नयाँ क्षेत्रमा मानिसहरू बसोबास गराउन खोजिएको होइन। बसिसकेकाहरूका लागि व्यवस्थित गर्न खोजेको हो। चुरे क्षेत्रमा थप मान्छे लान खोजेको होइन। चुरे क्षेत्र नेपालको १२.७८ प्रतिशत भूभाग छ। ३३ जिल्लाका ५० लाखभन्दा बढी मानिसहरू चुरे क्षेत्रमा बसोबास गर्छन्। यहाँको ६० प्रतिशतभन्दा बढीको जग्गा रैकर छ। बाँकी ४० प्रतिशतको ऐलानी छ। यसरी ऐलानीमा बस्नेहरू जोखिम क्षेत्रमा छन् भने स्थान्तरण गर्ने हो। दिन मिल्ने सुरक्षित स्थानमा जग्गा दर्ता गर्ने हो। भूस्वामित्व दिएर चुरेबासीहरूलाई थप जिम्मेवार बनाउन सकिन्छ। अहिले बसेको भन्दा एक परिवार पनि बाहिरबाट लगेर थप्ने होइन भन्ने स्पष्ट नै छ।

चुरे संवेदनशील क्षेत्र हो। यो तराई मधेसको पानी चार्जर हो। यसको संरक्षण हुनुपर्छ। यसका लागि चुरेको भूउपयोग वर्गीकरण गरेर संवेदनशील क्षेत्र पहिचान गरेर खास खास क्षेत्र जोगाउनुपर्दछ। र, अब मानिसहरूको बसोबास नियन्त्रण गर्नुपर्दछ। अहिलेको प्रक्रियाले वास्तवमा यही नै गर्न खोजेको हो। केही पनि नगरी मान्छेलाई आउन दिइरहन दिने, ऐन ल्याएर व्यवस्थापन गर्छुभन्दा चाहिँ बरवाद हुने तर्कले चुरे विनाशलाई निरन्तर गराउँछ। संरक्षण गर्दैन। अध्यादेशले सार्वजनिक स्थानहरू पार्क, टुँडिखेल, खोला किनारा, धार्मिक, सांस्कृतिक स्थलहरू खतम हुने भए भन्ने आरोप सत्य होइन। पहिलो, जग्गा वितरण हुने होइन। उपयोग गरिरहेको जग्गालाई सरकारी अभिलेखमा ल्याउने, प्रणालीमा आबद्ध गर्ने हो।

दोस्रो, भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन, सत्यापन र प्रमाणीकरणको कार्य स्थानीय तहले गर्ने हो। यसका लागि जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, भूमि र आवासको क्षेत्रमा काम गर्नेको प्रतिनिधिको वडा र स्थानीय तहमा गठन हुने सहजीकरण समितिले सिफारिस गरी कार्यपालिकाको बैठकबाट अनुमोदन हुनुपर्छ।

यसरी अनुमोदन भएका बाहेकले जग्गाको स्वामित्व प्राप्त गर्ने होइन। भूमिहीन दलित, भूमिहीन सुकुम्बासीको अन्यत्र जग्गा भए नभएको अहिले मालपोतमा भएको प्रणालीबाट सजिलै थाहा पाउन सकिन्छ। र, यसरी जाँजबुझ गरेर मात्र जग्गाको स्वामित्व उपलब्ध गराइने हो। भूमिहीनलाई मात्र निःशुल्क हो। अव्यवस्थित बसोबासीलाई शुल्क लिएर व्यवस्थापन गर्ने हो।

घरजग्गा व्यवसाय गर्ने कम्पनीको हकमा खरिद गरेको जग्गा भूउपयोग वर्गीकरण गर्दा आवास र व्यावसायिक क्षेत्रमा परेमा जग्गाविकास एवं घर निर्माण गरी मात्र बिक्री गर्न पाइने र अन्य वर्गमा परेका सरकारको अनुमति लिई बेच्न पाइने हो। यो अन्य उद्योग वा व्यवसायको लागि होइन। तसर्थ अहिलेको बहसले भूमिहीन दलित र भूमिहीन सुकुम्बासीले जग्गा पाउने प्रक्रियमा नै अवरोध पुग्नु हुँदैन। यहाँनेरी सबैले हेक्का राख्नुपर्ने विषय भनेको संविधानको धारा ३७ आसको हक, धारा ४० दलितको हक र राज्यको निर्देशक सिद्धान्त र सामाजिक न्यायअन्तर्गत अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने तथा योजनाबद्ध र व्यवस्थित बस्ती विकास गर्ने व्यवस्था र मुक्त कमैया, कम्हलरी, हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने विषय कार्यान्वयनसँग सम्बन्धित विषय हो। यसको कार्यान्वयनमा सघाउनुपर्छ। ऐतिहासिक रूपमा अन्यायमा परेका वर्गलाई फेरि अर्को अन्याय गर्न मिल्दैन।

*(अन्नपूर्ण)*

● खानपान ●

# नुन कति खाने ?



✍ **डा. पार्थ गुरागाईं**

आधुनिक जीवनशैलीले हामीलाई सुविधा त दिएको छ, सँगसँगै अस्वस्थकर खानपानको संस्कार पनि विकास गरेको छ। विशेषगरी नुनको अत्यधिक सेवन हाम्रो स्वास्थ्यका लागि गम्भीर खतरा बन्दै गएको छ। हामीकहाँ बजारिया खाना रेस्टुरेन्ट फुड तथा प्रशोधित खाद्य पदार्थको प्रयोग बढेसँगै नुनको मात्रा नियन्त्रणभन्दा बाहिर जान थालेको छ।

विशेषतः चाउमिन, मःम, फ्राइड चिप्स तथा अन्य प्रशोधित खाद्य पदार्थ अत्यधिक नुनयुक्त हुने गर्छन्। यस्तो खानाबारे सुरुमै सचेत भइएन भने निकट भविष्यमा उच्च रक्तचाप, मुटुरोग र मिर्गौलासम्बन्धी रोगको दर उल्लेखनीय रूपमा वृद्धि हुन सक्छ।

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) का अनुसार, वयस्क व्यक्तिले दैनिक पाँच ग्राम (१ चिया चम्चा) भन्दा बढी नुन खानु स्वास्थ्यका लागि हानिकारक हुन्छ। अधिकांश व्यक्तिहरू दिनभरि प्रशोधित खाना, फास्ट फुड तथा बाहिरका खानाहरू सेवन गर्दा यसभन्दा बढी नै सेवन गरिरहेका हुन्छन्।

नुनको मुख्य तत्व सोडियम हो, जसले शरीरमा पानीको सन्तुलन कायम राख्न मद्दत गर्छ तर अत्यधिक सोडियम सेवन गर्दा शरीरको पानी धारण गर्ने क्षमता बढ्छ, जसले रक्तचाप वृद्धि गराउँछ। उच्च रक्तचापको अवस्था लामो समयसम्म रहिरहेमा मुटु, मिर्गौला, मस्तिष्क, र हड्डीसम्बन्धी गम्भीर रोग निम्तिन सक्छन्।

**प्रमुख स्वास्थ्य समस्या**

१) उच्च रक्तचाप

नुनले शरीरमा पानी रोक्ने हुँदा रक्तचाप बढ्छ। लामो समयसम्म उच्च रक्तचाप रहिरहेमा मुटुको धड्कन अस्वाभाविक रूपमा बढ्छ र स्ट्रोकको सम्भावना दोब्बर हुन सक्छ।

२) मुटुरोग

रक्तचाप वृद्धि भएसँगै मुटुको कार्य क्षमता कमजोर हुन जान्छ, जसले मुटुको धमनीहरू खुम्चिन सक्छन्। अत्यधिक नुन सेवन गर्ने व्यक्तिमा हर्ट अट्याकको जोखिम उच्च हुन्छ।

३) मिर्गौला रोग

मिर्गौलाले शरीरमा अनावश्यक सोडियम फिल्टर गर्ने कार्य गर्छ। अत्यधिक नुन खाँदा मिर्गौलामा बढी दबाब पर्छ, जसले मिर्गौलासम्बन्धी रोग निम्त्याउन सक्छ।

४) हड्डी कमजोर हुने

अत्यधिक नुन सेवन गर्दा शरीरबाट क्याल्सियम बाहिर निस्कन्छ, जसले हड्डी कमजोर बनाउँछ। यसले वृद्धावस्थामा हाड भाँचिने सम्भावना बढाउँछ।

५) पेटको क्यान्सर

अनुसन्धानहरूले देखाएका छन् कि धेरै नुन खाँदा पेटको आवरणलाई क्षति पुऱ्याउँछ, जसले पेटको क्यान्सरको जोखिम बढाउँछ।

**नुन नियन्त्रणको प्रयास**

नुन सेवन नियन्त्रण गर्न धेरै देशहरूले सरकार स्तरबाट विभिन्न नीति तथा कार्यक्रम लागू गरेका छन्।

बेलायतमा प्रशोधित खाद्य पदार्थमा नुनको मात्रा घटाउन नीति बनाइएको छ। जापानमा नागरिकलाई नुन कम गर्ने बानी बसाल्न सचेतनामूलक अभियान चलाइन्छ।

फ्रान्समा प्याकेज्ड खाना उत्पादक कम्पनीहरूलाई नुनको मात्रा घटाउन कानुनी नियम लागु गरिएको छ।

अस्ट्रेलियामा रेस्टुरेन्ट तथा फास्ट फुड चेनहरूलाई नुनको मात्रा न्यूनतम राख्न निर्देशन दिइएको छ।

हामी आफैँले सचेत भएर नुनको मात्रा नियन्त्रण गर्न सक्छौँ। यहाँ केही प्रभावकारी उपायहरू छन् :

- घरमा पकाइने खानामा नुनको प्रयोग न्यूनतम गर्ने।
- बजारमा पाइने प्रशोधित तथा प्याकेज्ड खाना जतिसक्दो कम खाने।
- रेस्टुरेन्टमा खाना अर्डर गर्दा नुन कम गर्न अनुरोध गर्ने।
- फास्ट फुडको सट्टा ताजा तथा प्राकृतिक खानालाई प्राथमिकता दिने।
- नुनको सट्टा जडीबुटी, मसला वा अन्य स्वाद बढाउने प्राकृतिक तत्त्व प्रयोग गर्ने।
- खाद्यवस्तुको लेभल पढ्ने र सोडियमको मात्रा जाँच गर्ने।

बदलिँदो खानपान संस्कारले नुनको अधिकतम प्रयोगलाई बढावा दिइरहेको छ, तसर्थ सरकारले नीतिगत कदम चाल्नुका साथै हामी सबैले व्यक्तिगत रूपमा सचेत भएर नुनको सन्तुलित प्रयोग गर्नुपर्छ। स्वस्थ जीवनका लागि नुनको प्रयोग सन्तुलित बनाऔँ।

*(सामुदायिक चिकित्सा विभाग, विराट मेडिकल कलेज)*

## विश्व

# मस्कले रोकिदिए नेपालले पाउने झण्डै ४ करोड डलर

**वासिङ्टन, ४ फागुन।**

अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पको प्रशासनले कडाइका साथ बजेट कटौतीमा काम गरिरहेको छ। यस सम्बन्धमा, अमेरिकाले नेपाल, भारत बंगलादेशलगायत कयौँ देशलाई दिँदै आएको फन्डिङमा रोक लगाएको छ।

वित्तीय संघीयताको नाममा अमेरिकाले नेपाललाई २ करोड डलर दिइरहेको थियो। माइक्रो ब्लगिङ वेबसाइट एक्समा खर्बपति व्यापारी एलन मस्कको सरकारी दक्षता विभाग (डज)ले आइतबार गरेको एउटा पोष्टका अनुसार यो रकम रोकिएको छ। यसबाहेक, जैविक विविधता संरक्षण प्रयासका लागि नेपाललाई दिँदै आएको १ करोड ९० लाख डलर पनि बन्द गरेको पोष्टमा उल्लेख छ। पोष्टमा डजले यो कटौतीलाई अन्तर्राष्ट्रिय सहायतामा व्यापक कटौतीको हिस्सा भनेको छ।

ट्रम्पले सरकारी खर्च कटौती गर्न नयाँ विभाग खडा गरेका थिए। यो विभागको काम अमेरिकी सरकारको खर्च कटौती हो। ट्रम्पले घरेलु विद्युतीय सवारी साधन निर्माता कम्पनी टेस्लाका मालिक मस्कलाई यस विभागको प्रमुख बनाएका छन्। मस्कले यतिबेला विश्वभरि हुने हरेक अमेरिकी खर्च गम्भीरतापूर्वक जाँचिरहेका छन्। सरकारको नीति अनुसार यसबारे निर्णय लिइरहेका उनले बताएका छन्। अमेरिकी करदाताको पैसा खर्च भइरहेका कुरा खारेज गरिएको मस्कले एउटा पोष्टमा सूचि लेखेका छन्। यसलाई उनले अन्तर्राष्ट्रिय सहायतामा व्यापक कटौतीको अंश भनेका छन्।

यस्तै डजको यो निर्णयले भारतको चुनावी प्रक्रिया र राजनीतिक स्थिरता सुधार गर्ने उद्देश्यले गरिएका प्रमुख प्रयासहरूलाई असर गर्ने बताइएको छ। बजेट कटौती नगरे अमेरिका टाट पल्टिने मस्कले बारम्बार भन्दै आएका छन्। मस्कको पछिल्लो निर्णयले भारतलाई दिइने सहयोगमा ठुलो कटौती हुनेछ। अमेरिकाले भारतको चुनावमा मतदाता सहभागिता बढाउन २ करोड १० लाख डलर (१ अर्ब ८२ करोड भारु) दिँदै आएको थियो। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले ट्रमपसँग भेटेको केही दिन पछि यो निर्णय आएको हो।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — कुनै धार्मिक समारोहमा सम्मिलित भइएला। मित्रहरूसँग रमाइलो भेटघाट हुनुको साथै दिन सुखमय रहनेछ। रोकिएको कार्य प्रारम्भ हुनेछ।

**वृष** — समाजमा हजुरको कार्यकुशलताको चर्चा हुनेछ। मेहनतीहरूका लागि समय उत्साहजनक रहेको छ। बुद्धिको उपयोगले लक्ष्य प्राप्ति हुनेछ।

**मिथुन** — धैर्य र पराक्रममा वृद्धि हुनेछ। कार्यक्षेत्रमा सहकर्मीहरूको साथ मिल्नाले अप्ठ्यारो काम सजिलै सम्पादन हुनेछ।

**कर्कट** — नयाँ नोकरी हात लाग्नमा सफलता पाइनेछ। धार्मिक कार्य सफल रहनेछन्। रोजगारको क्षेत्रमा नयाँ अवसरहरू मिल्नेछ।

**सिंह** — सरकारी मामिलाहरू टाल्ने प्रयास नगर्नुहोस् विवाद हुन सक्ला। लामो समयदेखि रोकिएका कार्यहरू सम्पादन हुनेछन्।

**कन्या** — कारोबार विस्तारको लागि नयाँ योजनाहरू बन्नेछन्। पारिवारमा मनोरञ्जनात्मक आयोजनले मन प्रसन्न रहनेछ।

**तुला** — आफ्नो योजनाहरुमा पुनर्विचार गर्ने समय रहेको छ। आर्थिक रूपमा दिन राम्रो रहनेछ। सावधानीपूर्वक योजनाहरू बनाउनुहोला।

**वृश्चिक** — महत्वकांक्षी व्यवहारले सफलतामा बाधा आउनेछ। विनम्र रहने प्रयास गर्नुहोला। कार्यक्षेत्रमा लगनशीलताले गर्दा लक्ष्य प्राप्ति गर्न गाह्रो नहोला।

**धनु** — शैक्षिक क्षेत्रमा प्रगति हुनेछ। सामाजिक सञ्जालमा बोल्दा बोलिको विपरीत अर्थ लाग्न सक्छ ध्यान दिनुहोला। धर्मकर्ममा रुचि बढ्नेछ।

**मकर** — धर्म र कर्ममा बृद्धि हुनेछ। कार्यक्षेत्रमा जोश जागर बढ्नेछ। मानसिक रूपले थकान महसुस हुनेछ। दाम्पत्य जीवन सुमधुर रहनेछ।

**कुम्भ** — मित्रको सहयोगले रोकिएका काम सम्पादन हुनेछन्। व्यापार विस्तारको लागि योजना बन्नेछ। शिक्षा र मार्केटिंग क्षेत्रमा सफलता मिल्नेछ।

**मीन** — कार्यक्षेत्रमा नियमित कार्यलाई निरन्तरता दिन सकिनेछ। व्यापार व्यवसाय र चिकित्साको क्षेत्रमा नयाँ चुनौती मिल्नेछ।

# वाणिज्य बैंकहरूको कर्जा वृद्धि ५.६२ प्रतिशत

**युग संवाददाता**
**काठमाडौं, ४ फागुन ।**

चालु आर्थिक वर्ष २०८१/ ८२ को सात महिना (साउनदेखि माघसम्म) मा वाणिज्य बैंकहरूले ५.६२ प्रतिशतले कर्जा वृद्धि गरेका छन् ।

नेपाल बैंकर्स संघका अनुसार चालु आर्थिक वर्षको सात महिनामा वाणिज्य बैंकहरूले निक्षेपको तुलनामा कर्जा वृद्धि गरेका हुन् । २० वाणिज्य बैंकहरूको सात महिनाको निक्षेप ४.२१ प्रतिशत वृद्धि हुँदा कर्जा लगानी ५.६२ प्रतिशतले बढेको छ ।

गत असारमा २० वाणिज्य बैंकहरूको कर्जा लगानी ४५ खर्ब ७१ अर्ब रुपैयाँ थियो । पछिल्लो सात महिनामा करिब २ खर्ब ५७ अर्बले बढेर ४८ खर्ब २७ अर्ब पुगेको छ । त्यस्तै बैंकहरूको निक्षेप संकलन पनि ५७ खर्ब ५४ अर्ब रुपैयाँबाट बढेर ५९ खर्ब ९७ अर्ब रुपैयाँ पुगेको छ ।

गत साउनमा बैंकहरूको कर्जा लगानी ४५ खर्ब ७३ अर्ब रुपैयाँ थियो भने निक्षेप संकलन ५७ खर्ब १६ अर्ब रुपैयाँ थियो । चालु आवको भदौमा कर्जा लगानी ४६ खर्ब २६ अर्ब रुपैयाँ थियो भने निक्षेप संकलन ५७ खर्ब ८९ अर्ब रुपैयाँ थियो । त्यस्तै असोजमा पनि कर्जा लगानी ४६ खर्ब ८२ अर्ब रुपैयाँ थियो भने निक्षेप संकलन ५९ खर्ब २२ अर्ब रुपैयाँ थियो ।

कात्तिकमा बैंकहरूको कर्जा लगानी ४६ खर्ब ८० अर्ब हुँदा निक्षेप संकलन ५९ खर्ब ४ अर्ब रुपैयाँ थियो । मंसिरमा बैंकहरूको कर्जा लगानी ४७ खर्ब २२ अर्ब थियो भने निक्षेप संकलन ५९ खर्ब ३७ अर्ब रुपैयाँ रहेको थियो । गत पुसमा बैंकहरूको कर्जा लगानी ४८ खर्ब १६ अर्ब रुपैयाँ रहेको थियो भने निपेक्ष संकलन ५९ खर्ब ८८ अर्ब रुपैयाँ रहेको थियो ।

**कुन–कुन बैंकले वृद्धि गरे कर्जा ?**

अघिल्लो महिनाको तुलनामा पछिल्लो सात महिनामा कृषि विकास बैंक, कुमारी, नबिल, नेपाल बैंक, एनआईसी एसिया, प्रभु, सानिमा, एनएमबी, प्राइम कमर्सियल, राष्ट्रिय वाणिज्य, स्ट्यान्डर्ड चार्टर्ड, नेपाल इन्भेस्टमेन्ट मेगा र नेपाल एसबीआई बैंकले कर्जा लगानी वृद्धि गर्न सकेका छैनन् ।

एभरेस्ट, ग्लोबल आइएमई, सिटिजन्स्, हिमालयन, लक्ष्मी सनराइज, माछापुच्छ्रे, नबिल र सिद्धार्थ बैंकहरूको कर्जा वृद्धिदर निक्षेपको तुलनामा धेरै देखिएको छ ।

ग्लोबल आइएमई बैंकको कर्जा लगानी ४ खर्ब २२ अर्ब रुपैयाँबाट बढेर ४ खर्ब ३१ अर्ब पुगेको छ । निक्षेप पनि ५ खर्ब २२ अर्ब रुपैयाँबाट बढेर ५ खर्ब २९ अर्ब पुगेको छ ।

एभरेस्ट बैंकको कर्जा लगानी २ खर्ब ११ अर्ब रुपैयाँबाट बढेर २ खर्ब २० अर्ब रुपैयाँ पुगेको छ, यस्तै निक्षेप २ खर्ब ५७ अर्बबाट बढेर २ खर्ब ६१ अर्ब रुपैयाँ पुगेको छ ।

यसैगरी सिटिजन्स् बैंकको कर्जा लगानी ११ अर्ब रुपैयाँले बढेर एक खर्ब ६८ अर्ब पुगेको छ । बैंकको निक्षेप ९ अर्ब रुपैयाँले बढेर २ खर्ब पुगेको छ । हिमालयन बैंकको कर्जा लगानी ३ अर्ब रुपैयाँले बढेर २ खर्ब ५० अर्ब पुगेको छ । बैंकको निक्षेप ३ अर्ब रुपैयाँले बढेर ३ खर्ब पुगेको छ ।

लक्ष्मी सनराइज बैंकको कर्जा लगानी २२ अर्ब रुपैयाँले बढेर २ खर्ब ८१ अर्ब पुगेको छ । बैंकको निक्षेप १३ अर्ब रुपैयाँले बढेर ३ खर्ब ४७ अर्ब पुगेको छ ।

**माछापुच्छ्रे बैंकको कर्जा लगानी १२ अर्ब** रुपैयाँले बढेर एक खर्ब ४३ अर्ब पुगेको छ । यस बैंकको निक्षेप ७ अर्ब रुपैयाँले बढेर एक खर्ब ६८ अर्ब पुगेको छ । सिद्धार्थ बैंकको कर्जा लगानी १३ अर्ब रुपैयाँले बढेर २ खर्ब १६ अर्ब पुगेको छ । बैंकको निक्षेप भने एक अर्ब रुपैयाँले घटेर २ खर्ब ४३ अर्बमा सीमित भएको छ । नबिल बैंकले ४ खर्ब ९९ अर्ब रुपैयाँ निक्षेप संकलन गर्दा कर्जा लगानीमा पनि ४ खर्ब ११ अर्ब रुपैयाँ गरेको छ ।

एनआईसी एसिया बैंकको निक्षेप र कर्जा दुवै घटेको छ । बैंकको कर्जा ३२ अर्ब रुपैयाँले घटेर २ खर्ब ५२ अर्बमा सीमित भएको छ । बैंकको निक्षेप ५८ अर्ब रुपैयाँले घटेर ३ खर्ब दुई अर्बमा सीमित भएको छ ।

कृषि विकास बैंकले २ खर्ब ७ अर्ब कर्जा लगानी गर्दा निक्षेप संकलन २ खर्ब ५६ अर्ब गरेको छ । कुमारी बैंकले कर्जा लगानी ३ खर्ब एक अर्ब रुपैयाँ गर्दा निक्षेप संकलन भने ३ खर्ब ६१ अर्ब रुपैयाँ गरेको छ ।

**बैंकहरूको सीडी रेसियो ७९.३५ प्रतिशत**

पछिल्लो सात महिनामा वाणिज्य बैंकहरूको निक्षेप अनुपात (सीडी रेसियो) ७९.३५ प्रतिशत कायम रहेको छ । बैंकहरूको सीडी रेसियो ८५.७७ प्रतिशतसम्म पुगेको छ ।

बैंकर्स संघले जारी गरेको पछिल्लो सात महिनाको तथ्याङ्क हेर्दा ८५.७७ प्रतिशत भन्दा माथि सीडी रेसियो पुगेको छैन । वाणिज्य बैंकमा ५९ खर्ब ९७ अर्ब रुपैयाँ निक्षेप रहेको छ भने कर्जा लगानी ४८ खर्ब २७ अर्ब रुपैयाँ पुगेको छ ।

# घाइते महिलाको हेलिकोप्टरमार्फत उद्धार

**युग संवाददाता**
**बाजुरा, ४ फागुन ।**

साँफे–मार्तडी राजमार्ग खण्डमा पर्ने अम्कोटमा आइतबार बिहान बसको ठक्करबाट घाइते भएकी महिलाको नेपाली सेनाको हेलिकोप्टरबाट उद्धार गरिएको छ । बूढीगङ्गा नगरपालिका-१ अम्कोट घर भएकी ५० वर्षीया विस्ना पाध्यायको सुदूरपश्चिम प्रदेश ०१-००१ ख ३६८८ नम्बरको बसले सडक नजिकै रहेको पसलमा घाम तापेर बसेको बेला पछाडिबाट ठक्कर दिएको थियो ।

घाइते पाध्यायको जिल्ला अस्पताल बाजुरामा उपचार भए पनि गम्भीर चोट लागेकाले थप उपचारका नेपाली सेनाको हेलिकप्टरमार्फत प्रादेशिक अस्पताल सुर्खेत लगिएको जिल्ला प्रशासन कार्यालयका निमित्त प्रमुख जिल्ला अधिकारी सन्तोष रायले जानकारी दिए ।

उनका अनुसार घाइते महिला गर्भवती भएकाले पाठेघरमा रगत जमेको हुनसक्ने आशङ्कामा प्रादेशिक अस्पताल पठाइएको हो । "बसको ठक्करबाट आज बिहान आमा छोरा घाइते भएका थिए । उनका आठ वर्षीय छोरा नयन पाध्यायको उपचारका क्रममा मृत्यु भइसकेको छ", उनले भने । बस चालक ४० वर्षीय उपेन्द्र मडैसहित बसलाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## १० शैयाको....

कर्णाली प्रदेश सरकार र संघीय सरकारको समन्वयमा शिक्षण अस्पताल निर्माण अघि बढ्ने कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति डा. रावलले बताए । 'अस्पतालको सम्पूर्ण व्यवस्थापन र सञ्चालनको जिम्मा प्रतिष्ठानले लिनेछ,' उनले भने, 'ट्रमा सेन्टर बनाउने लक्ष्य विगतको नै थियो । अहिले सरकारले प्रतिष्ठानलाई थप जिम्मेवारी मात्रै दिएको हो ।'

प्रतिष्ठानको स्याटलाई बनाउनका लागि आठबिस नगरपालिका-३ मा ४२ रोपनी क्षेत्रफल जग्गा व्यवस्थापन भइसकेको नगरपालिका स्वास्थ्य संयोजक तिमिल्सेनाले बताए । 'अस्पताल निर्माणको लागि डीपीआर बनिसकेको छ,' उनले भने, 'अबका दिन बजेटको व्यवस्थापन गरेर भवन निर्माणको काम हुनेछ ।' अस्पताल निर्माणका लागि स्थानीयले एक रोपनीदेखि १० रोपनीसम्म जग्गा दान गरेको वडाध्यक्ष नगेन्द्रराज कार्कीले बताए ।


## पर्यटन डिभिजन कार्यालय

**कोहलपुर, बाँके**

### दरभाउपत्र स्वीकृत सम्वन्धि आशयको सूचना

**सूचना प्रकाशित मिति: २०८१/११/०५**

यस कार्यालयको तपसिल बमोजिमका दरभाउपत्रहरुका लागि मिति: २०८१/१०/११ गते मिसन टुडे राष्ट्रिय दैनिक पत्रिका तथा E-Bidding द्धारा प्रकाशित सूचना अनुसार Online दर्ता हुन आएका प्रस्तावहरु मध्ये तपशिलका प्रस्तावहरुलाई गठित मुल्याङ्कन समितिबाट स्वीकृतिका लागि सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ तथा दफा ४७ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| ठेक्का नं. | योजनाको नाम | सारभूत रुपमा प्रभावग्राही न्यून दरभाउपत्रदाताको नाम र ठेगाना | कबोल अंक मु.अ.कर समेत रु. |
|---|---|---|---|
| BANKE/TDO/WORKS/ SQ– 04/081/082 | चुलीमालिका पञ्चांक मन्दिर,राजापुर-८, बर्दिया | श्री कृष्ण लिला कन्स्ट्रक्सन नेपालगंज-२, बाँके | 6,77,081।27 |
| BANKE/TDO/WORKS/ SQ– 13/081/082 | बागेश्वरी मन्दिर पुर्वाधार निर्माण नेपालगंज, बाँके | श्री कृष्ण लिला कन्स्ट्रक्सन नेपालगंज-२, बाँके | 13,8८,644।12 |
| BANKE/TDO/WORKS/ SQ– 17/081/082 | रामजानकी मन्दिर सौन्दरीकरण डुडुवा-३, बाँके | श्री पञ्चकोशी कन्स्ट्रक्सन ज्वाला ट्रेडस एण्ड सप्लायर्स कोहलपुर-१५, बाँके | 6,63,340।66 |
| BANKE/TDO/WORKS/ SQ– 22/081/082 | बलिदान चर्च स्तर उन्नति घोराही.-२, बाँके | श्री डिउरेवल डिजाईन कन्स्ट्रक्सन एण्ड कन्सटेन्ट | 7,18,357।44 |
| BANKE/TDO/WORKS/ SQ– 23/081/082 | बराहदेव पर्यटन पुर्वाधार निर्माण झिमरुक-५, प्युठान | श्री विकास निर्माण सेवा बागदुल्ला-८, प्यूठान | 7,18,899।52 |
| BANKE/TDO/WORKS/ SQ– 26/081/082 | सिंहरत्न नाथ मन्दिर जिर्णोद्धार दङ्गीशरण-७, दाङ्ग | श्री युवराज निर्माण सेवा दङ्गीशरण-७, दाङ्ग | 7,14,059।12 |
| BANKE/TDO/WORKS/ SQ– 27/081/082 | पुरन्धारा पर्यटकीय क्षेत्रमा पुर्वाधार निर्माण बबई दाङ्ग | श्री एम.के.विल्डर्स लमही-९, दाङ्ग | 5,84,229।86 |
| BANKE/TDO/WORK / SQ– 28/081/082 | कुम्हार अड्डा बेपत्ता स्मृति पार्क निर्माण बारबर्दिया-५, बर्दिया | श्री टी.के.ईन्जिनियरिङ्ग एण्ड सप्लायर्स प्रा.लि. कोहलपुर-७,बाँके | 14,79,537।88 |
| BANKE/TDO/WORKS/ SQ– 29/081/082 | रोल्पा गुरुङ्ग गाँऊ देखि थामा धुरी सम्म पदमार्ग निर्माण रोल्पा-४, रोल्पा | श्री जिनियस निर्माण सेवा रोल्पा-१०, रोल्पा | 12,45,016।80 |
| BANKE/TDO/WORKS/ SQ– 30/081/082 | तमु प्येलु संघ बर्दियाको संग्राहालय भवन निर्माण मधुवन-७, बर्दिया | श्री के.सी.कन्स्ट्रक्सन मधुवन-७, बर्दिया | 14,38,817।69 |



## Kohalpur Municipality
## Office Of Municipal Executive

**Kohalpur, Banke**
**Lumbini Province, Nepal**

### Request for Quotation for

**Hiring a Firm for Skills Development Training in LL**
**(Date of Second Publication 2081/11/05)**

1. The Ministry of Labor, Employment and Social Security (MoLESS), Prime Minister Employment Program (PMEP) has received financing from the International Development Association (IDA) toward the cost of Youth Employment Transformation Initiative (YETI) Project at Kohalpur Municipality, Banke District has received fund on conditional grant through Fiscal transfer from the YETI Project and intends to apply part of the proceeds toward payments under the contract for Hiring a Firm for Skills Development Training in LL.
2. A firm will be selected through an open competitive process under the procedures "as specified in the Project Operations Manual of YETI Project from Request for Quotation (RFQ).
3. Kohalpur Municipality, Office of Municipal Executive, Kohalpur, Banke invites sealed quotation from the qualified firms. The Brief description of the procurement is as follows.

| S. N. | Description | RFQ Document fee (non-refundable) | Deadline of RFQ-document Purchase | RFQ Submission deadline (Date and Time) | RFQ-Opening Date and Time |
|---|---|---|---|---|---|
| 1 | Hiring a firm of Skills Development Training in LL (Proc Ref no. BANKE/KOMUN/ RFQ-01/2081/082) | 1000 | 2081/11/19 upto office hour | 2081/11/20 upto 12:00 noon | 2081/11/20 at 1:00 PM |

4. The details of the service requirements, eligibility and qualifications required in found in terms of reference (Annex 1).
5. Qualified service providers experience and registered in the same district will get advantage.
6. In case of last date for purchasing, submission and opening of RFQs falls on a Government Holiday the next working day shall be considered the last day in such a case, the RFQ validity shall be recognized from the original RFQ submission deadline.
7. The Municipality reserves the right to accept or reject any RFQ and to annul the procurement process and reject all RFOs at any time prior to Contract Award, without thereby incurring any liability to Bidders/Applicants.
8. For Quotation Document and other information please consult to the below address:

**Address:** Kohalpur Municipality Office, Kohalpur, Banke.
**Telephone No:** 081-540318
**Website:** https://kohalpurmun.gov.np/



## Mugum Karmarong Rural Municipality
## Office of the Rural Municipal Executive

**Pulu, Mugu**

### Invitation for Bids

**First Date of Publication: - 2081/11/05 BS, 2025/02/17 AD**

1. Mugum Karmarong Rural Municipality, Pulu Mugu invites electronic bids from Nepalese eligible bidders for the construction of following Project under National Competitive Bidding and the Single-Stage, Single Envelope Biding Procedure.

| S N | Contract No/ Bid No | Description of Works | Total cost of project exclusive Vat and Contengency NRs | Bid Security Amount (NRs) | Bid document Price (NRs) | Last date of submission of bids | Bid opening date | Rem. |
|---|---|---|---|---|---|---|---|---|
| 1. | MKRM/ NCB/ WORKS/ RR/ 02/2081-082 | Dhungedhara Maha Gramin Sadak Nirman Aayojana, Mugum Karmarong RM-7 Maha Mugu | 6245597.62 /- | 180000/- | 3000.00/- | 2025-03-19 Time : 12:00 PM | 2025-03-19 Time : 14:00 PM | |
| 2. | MKRM/ NCB/ WORKS/ RR/ 03/2081-082 | Kaulapani Gramin Sadak Aayojana, Mugum Karmarong Rural Municipality-9, Chimath, Mugu | 3153471.75 /- | 100000/- | 3000.00/- | 2025-03-19 Time : 12:00 PM | 2025-03-19 Time : 14:00 PM | |

2. To deposit Bid Document Price Use revenue account No. 4550100301010003, Account name MUGUM KARMARONG GA.PA. (GA-1-1)-AANTA,
2. For More Information Please visit PPMO website www.bolpatra.gov.np/egp or Contact +9779858322737, +9779844888359, +9779868310399 and +9779848313094

**Chief Administrative Officer**

# नेपालगञ्जमा पर्यटन पूर्वाधारको विकास हुँदै

◣युग संवाददाता

नेपालगञ्ज, ४ फागुन ।

नेपालगञ्ज सहरमा पर्यटन पूर्वाधारको विकास हुँदै जान थालेको छ। यहाँ सञ्चालनमा रहेका केही स्तरीय होटेलले सेवा विस्तार गरेर लगानी बढाउँदै जान थालेका छन् । नेपालगञ्जको धम्बोझीमा रहेको होटल सिटी प्यालेसले सेवा विस्तार गर्दै एक अर्ब बढीको लगानी गरेको छ।



नेपाली र भारतीय पाहुनालाई लक्षित गरी चारतारे होटेललाई पाँचतारे होटेलका रूपमा विस्तार गर्न लागिएको सञ्चालक लोकेन्द्र अर्यालले जानकारी दिए। होटेलमा सुविधासम्पन्न सभाहलसहित नयाँ भवनबाट सेवा विस्तार गरिएको छ। उनले भने, "यस्तो आर्थिक मन्दीको समयमा पनि साहस गरेर होटलको सेवा विस्तार गरी पाहुनालाई थप सेवा दिन खोजेका छौं।"

वि.सं. २०७२ को असारमा सुरु भएको होटल सिटी प्यालेस सञ्चालन भएको ९ वर्षको अवधिमा तीन लाख आन्तरिक र सार्क राष्ट्रका दुई लाखसहित पाँच लाखलाई आतिथ्यता दिइएको होटेलले जनाएको छ। सो होटेलमा करिब १२५ जनाले प्रत्यक्ष रोजागारीको अवसर प्राप्त गरेका छन् ।

सिटी प्यालेसको केन्द्र भाग धम्बोझीमा रहेकाले सहरको दृश्यावलोकनका लागिसमेत सहज भएको सेवाग्राहीको भनाई छ। विगतमा भारतीय तीर्थयात्रु मानसरोवर यात्रा नेपालगञ्ज रुट हुँदै जाने गरेका थिए। नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा) बाँके च्याप्टरका अध्यक्ष श्रीराम सिग्देलले पर्यटन पूर्वाधारको विकाससँगै पर्यटकलाई हाइकिङ, साइक्लिङ लगायतका घुम्ने र मनोरञ्जन गर्ने ठाउँ आवश्यक भएकाले त्यसमा पर्यटन व्यवसायीको ध्यान पुग्नुपर्ने बताए।

उनले बाँकेमा धार्मिक र सांस्कृतिक पर्यटनको प्रचुर सम्भावना रहेको औँल्याउँदै पर्यटन प्रवर्द्धनका लागि अतिरिक्त गतिविधि आवश्यक भएकामा जोड दिए। "क्यासिनो सबैको रुचिको विषय नहुन सक्छ, त्यसैले बाँके राष्टिय निकुञ्जलाई पर्यटकको गन्तव्यका रूपमा विकास गर्न सकिन्छ", उनले भने।

होटेल व्यवसायी महासङ्घका केन्दीय सदस्य भीम कँडेलले पर्यटन पूर्वाधारको विकास बढ्दै गएकामा खुसी व्यक्त गर्दै लगानी जोखिममा रहेको धारणा व्यक्त गरे। उनले नेपालगञ्जमा अहिलेसम्म तारे होटेल दर्जनौँ भएको उल्लेख गर्दै साना तथा ठूला गरेर दुई हजार ५०० को हाराहारीमा होटल तथा रेष्टुरेन्ट रहेको बताए।

## आजदेखि...

संस्था, व्यावसायिक प्रतिष्ठान, प्रबुद्ध व्यक्तिहरु तथा नागरिक समाजको ठूलो सहयोगले कर्णाली उत्सवको पाँचवटा संस्करणहरू सफलतापूर्वक सम्पन्न भैसकेको संयोजक लम्सालले बताए। 'कर्णाली उत्सवको मुख्य उपलब्धि भनेकै कर्णालीलाई चिन्ने र चिनाउने सार्थक प्रयास हो।

विभिन्न संस्करणमा भाग लिएका वक्ता, सञ्चालक तथा सहभागीहरूले उत्सवको महत्वलाई बुझ्दै जानु हो। यसले हाम्रो समाजमा खुला र लोकतान्त्रिक वहसलाई संस्कारको रुपमा विकास गर्न सघाउँछ। सबैलाई थाहा भएकै कुरा हो- कुनै पनि कामको सुरुवात विचारबाटै हुन्छ। हामी त्यही विचारबाट प्रेरित छौं। उत्सवको माध्यमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा उठेका कुराकानीहरूले समृद्ध कर्णालीको सपना साकार पार्नेतर्फ सरकारलाई सहयोग एवं निर्देशित गरोस् भन्ने नै हाम्रो लक्ष्य हो,' लम्सालले भने।

## १० लाख...

थालेको आठबिस नगरपालिकाका स्वास्थ्य शाखा संयोजक देवराज तिमिल्सेनाले बताए।

विगतको सम्झौता अनुसार नगरपालिकाले राकम कर्णालीस्थित अस्पतालबाट नागरिकलाई स्वास्थ्य सेवा दिइरहेको छ। विशेषज्ञ सेवा प्रदान गर्न कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल जुम्लाले चिकित्सक खटाउँदै आएको नगरपालिकाको स्वास्थ्य शाखाले जनाएको छ। अस्पतालमा एक्सरे, भिडियो एक्सरे, इसिजी ल्याबसहित अस्पताल फार्मेसी चलाइरहेको छ।

अब प्रतिष्ठानको स्याटलाइट अस्पताल बनेमा कालिकोट, दैलेख, बाजुरा, बझाङ, अछाम, हुम्ला र मुगुका बिरामी राकम अस्पताल लैजान सहज हुने र यसबाट कर्णाली र सुदूरपश्चिमका झण्डै नौ लाख जनसंख्याले सेवा लिन सक्ने संभावना बोकेको राकम कर्णालीमा प्रतिष्ठान मातहत अस्पताल सुरु हुने निर्णयले राकम स्थानीय उत्साहित भएको नगरपालिकाका स्वास्थ्य शाखा संयोजक तिमिल्सेनाले बताए। 'यहाँ अस्पताल बन्ने भएपछि धेरै जना उत्साहित हुनु भएको छ,' उनले भने,'यो अस्पतालबाट कर्णाली र सुदुरपश्चिमका नागरिकका लागि सेवा प्रवाह हुन्छ।'

अस्पतालमा दक्ष जनशक्ति व्यवस्थापन गरेर गुणस्तरीय सेवा उपलब्ध गराउने लक्ष्यसहित तत्काल आधारभूत अस्पताल स्तरवृद्धि गरेर ५० शैयाको चलाउने योजना रहेको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति डा. मंगल रावलले बताए।

'अस्पतालबाट स्वास्थ्य सेवा मात्र नभइ शिक्षा र अनुसन्धानका क्षेत्रमा पनि काम हुनेछ,' उनले भने, 'सरकारको पछिल्लो निर्णयले कर्णालीको स्वास्थ्य, शिक्षा र अनुसन्धानका क्षेत्रमा सकारात्मक सन्देश दिएको छ।' आठबिस नगरपालिका-४ राकम कर्णालीमा आधारभूत अस्पतालको सम्पूर्ण व्यवस्थापन र संचालनको जिम्मेवारी कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानले लिएको र यहाँ आधार भूत अस्पताल भवन निर्माण कार्य अन्तिम चरण रहेको नगरपालिकाका स्वास्थ्य संयोजक तिमिल्सेनाले बताए। 'आधारभूत अस्पतालको निर्माणको काम अन्तिम चरणमा पुगेको छ,' उनले भने, 'अब सक्दो चाँडो ५० शैयाको अस्पतालबाट सेवा संचालन गर्ने प्रतिष्ठानले लक्ष्य राखेको छ।'

वि.सं. २०६८ मा स्थापना भएको प्रतिष्ठानले कर्णालीका विभिन्न स्थानीय पालिकासँग मिलेर बिषेशज्ञ सेवा सञ्चालन गर्दै आएको छ। प्रतिष्ठानले कर्णाली र सुदुरपश्चिमका विभिन्न जिल्लामा सेवा प्रवाह दिदैं आएको छ। कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानले राकममा स्वास्थ्य सेवा प्रवाहका विषयमा अध्ययन गर्न विज्ञ टोली खटाएको छ।

विज्ञ टोलीले एक हप्ता भित्र प्रतिवेदन बुझाउने लक्ष्यका साथ काम गरिरहेको प्रतिष्ठानका उपकुलपति रावलले बताए। 'कर्णाली र सुदुरपश्चिम प्रदेश भरीमै सबैभन्दा ठुलो जनसंख्या करिब १० लाख ओगटने क्षेत्रमा यो अस्पताल बनेको छ,' उनले भने, 'हामी यथासक्य चाडो यो अस्पताल सञ्चालनमा ल्याउँदैछौ। त्यसका लागि विज्ञ टोली राकममा खटिएको छ।' विज्ञ टोलीले त्यहाँको भौतिक संरचना, बिषेशज्ञ सेवा सञ्चालन, अस्पताल सञ्चालनका लागि अहिले अवस्था भाबी दिनमा गर्न सकिने कामका बिषयमा अध्ययन गर्नेछ।

## नेपालगन्जमा...

र फागुन ९ गते सफल महिला उद्यमीहरूको अनुभव आदानप्रदान तथा सम्मान कार्यक्रम राखिएको छ।

नेपालगन्जको परम्परागत तथा रैथाने परिकारहरू प्रवर्द्धन गर्न विशेष स्टलहरू राखिनेछ। नेपालगन्जका विभिन्न समुदायका महिलाहरूले बनाएका स्थानीय परिकारहरू बिक्रीका लागि राखिनेछन् । प्रदर्शनी स्थलमा मस्यौरा, अल्लो र बेतबाट बनेका सामान, खुकुरी, भाङ, स्थानीय बेसार, अचार, मह, हस्तकलाका सामग्री, तोरीको तेल, अण्डा, ह्याण्ड मेड जुत्ता, ढाकाको कपडा, काँसका सामान लगायतका स्थानीय उत्पादनहरू रहनेछन्।

संघकी अध्यक्ष बस्नेतका अनुसार प्रदर्शनीले महिला उद्यमशीलता प्रवर्द्धन गर्दै स्वदेशी उत्पादनको बजार विस्तार गर्न योगदान दिनेछ। उनले भने, "स्थानीय उत्पादनलाई बजार जोड्ने प्रयासस्वरूप यो प्रदर्शनी आयोजना गरिएको हो। यसले महिला उद्यमीहरूलाई थप आत्मनिर्भर बन्न प्रेरित गर्नेछ।" प्रदर्शनीबाट स्थानीय उत्पादन र महिला उद्यमशीलताको प्रवर्द्धन हुने विश्वास गरिएको छ।

## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनाय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री गोमा रावत धनी रहेको, दर्ता नम्बर ७५२४/०७७/०७८ बाट वी.न.नपा-१४, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री गोमा पशुपंक्षी तथा तरकारी फर्म नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीकालागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।


घर निर्माण कार्यको लागि सम्झनुहोस्

हामी कहाँ J.C.B. टिपर, ट्र्याक्टर, ढुङ्गा, बालुवा, इट्टा, पानी टेङ्कर, मिक्चर मेशिन, ट्याङ्कर, जनेरेटर, भाइब्रेटर तथा विभिन्न साईजका पिलर फर्मा आदिका लागि सम्झनुहोस् ।

DIN कम्पनिका ब्रेकर समेत बिक्रि गरिन्छ ।



प्रो. शिवराज शाही

शिवराज सप्लायर्स

वी.न.पा.-३, सुर्खेत, । फोन ९८५८०४९५३५, ९८१२४३२२००



कर्णाली उत्सव
..कुडा कर्नालीका छैटौं संस्करण २०८१
सिटी हलको आँगन, वीरेन्द्रनगर सुर्खेत

पहिलो दिन
२०८१ फागुन ५ गते सोमबार

bit.ly/kudakarnalika6

आयोजक
ऋति फाउण्डेसन

LIVE
सेतोपाटी

उद्घाटन सत्र
समय: बिहान ११:०० बजे | सञ्चालक: सिर्जना बुढाथोकी
वक्ताहरु
कर्णालीमा स्वागत: मा. गमता वि.क. (राज्यमन्त्री, भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, कर्णाली प्रदेश सरकार)
छैटौं संस्करणसम्म आइपुग्दा: केवलप्रसाद भण्डारी
बैदेशिक रोजगारी र सुरक्षित आप्रवासन: डा. द्वारिका उप्रेती (कार्यकारी निर्देशक, बैदेशिक रोजगार बोर्डको सचिवालय)
नीति उत्सवको औचित्य: मा. सूर्यनाथ योगी (उपाध्यक्ष, कर्णाली प्रदेश योजना आयोग)
विद्वत् प्रवचन: मान्ठ र मइडो: आहुति (राजनीतिक चिन्तक)
संघीय सवाई: मा. यामलाल कंडेल (मुख्यमन्त्री, कर्णाली प्रदेश सरकार)

के पढ्यौं? के पढायौं?
समय: दिउँसो १:३० बजे | सहजकर्ता: तुला अधिकारी (पत्रकार)
वक्ताहरु
प्रा.डा. ध्रुव कुमार गौतम (उपकुलपति, मध्यपश्चिम विश्वविद्यालय)
प्रा.डा. शिलु मानन्धर बज्राचार्य (उपकुलपति, नेपाल खुला विश्वविद्यालय)
डा. मंगल रावल (उपकुलपति, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान)

स्वाइनी स्वर (कर्णालीमा महिला आन्दोलन)
समय: दिउँसो २:३० बजे | सहजकर्ता: जया लुइँटेल (अध्यक्ष, द स्टोरी किचेन)
वक्ताहरु
लक्ष्मी कुमारी बस्नेत (सचिव, नेपाल सरकार)
दिलमाया शाही (पत्रकार)
पुना कामी (अभियन्ता)

पैकेलो
दिउँसो ३:३० बजे
गोविन्द सुनार (रंगकर्मी, जुम्ला)

खस कुडा, खास कुडा: किस्सा तन्नेडीका
समय: दिउँसो ४:०० बजे | सहजकर्ता: खन्टे खलास (कलाकार)
वक्ताहरु
गरि कुडा (कलाकार)
इब्सल सञ्ज्याल (कलाकार)
नवराज भण्डारी (कलाकार)

बैकिनी बोल्लिछन् (नारी नेतृत्व)
समय: दिउँसो ५:०० बजे | सहजकर्ता: मीना बुढाथोकी (अभियन्ता)
वक्ताहरु
मा. नन्दा गुरुङ (सभामुख, कर्णाली प्रदेश सभा)
राधिका अर्याल (सचिव, नेपाल सरकार)
रीता शाही (अध्यक्ष, भैरवी गाउँपालिका, दैलेख)

कर्णाली कन्सर्ट: देउडा साँझ
समय: साँझ ६:०० बजे | सहजकर्ता: खन्टे खलास (कलाकार)
देउडा व्याटल : इब्सल सञ्ज्याल र नवराज भण्डारी
प्रहसन: गरी कुडा जोडी



विज्ञापन दर/रेट सम्बन्धी सूचना

युगआह्वान राष्ट्रिय दैनिकमा आ.व. २०८१/०८२ मा प्रकाशन हुने विज्ञापनको दर/रेट २०८१ साउन १ तदनुसार 16 July 2024 देखि निम्नानुसार कायम गरिएको सम्पूर्ण विज्ञापनदाता/एजेन्सी एवम् सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

विज्ञापन दर/रेट

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| प्रथम पृष्ठ | रु. २०००/- | रु. १८००/- |
| भित्री पृष्ठ | रु. १५००/- | रु. १२००/- |
| अन्तिम पृष्ठ | रु. १७००/- | रु. १५००/- |

वर्गीकृत

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| वर्गीकृत डिस्प्ले | रु. ३५००/- | रु. १५००/- |
| वर्गीकृत डिस्प्ले (प्रति शब्द) | | रु. ७०/- |

ज्याकेट १ पेज रु. ८,00,000/-

नोटः उल्लेखित दर/रेट मू.अ.कर बाहेक

युगआह्वान
www.yugnews.com
निष्पक्षता, निर्भिकता, निरन्तरता..

फोन नं.: ९८५८०५२८१०/९८५८०५५६२७/९८५८०५५६२८
इमेलः yugaawhandainik@gmail.com, yugaawhan@gmail.com



९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्युटर

हाम्रा विशेषताहरु
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्स्टिच्यूट

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)



सामेल एग्रिकल्चर प्रा.लि.

वीरेन्द्रनगर-१२, एरपोटको पश्चिम पट्टि, सुर्खेत

SAMEL AGRICULTURE PVT.LTD. SURKHET 2075

हामी कहाँ विभिन्न किसिमका प्लाष्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाईटेक, हाईटेक तथा नर्सरीका सामग्रीहरु, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस् ।



budhakarna287@gmail.com

थप जानकारीका लागि : ९८५८०७१९०२


युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादक: ओम बहादुर शाही, प्रधान कार्यालय: वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेट: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके शाखा कार्यालय: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रण: भवानी छापाखाना, सुर्खेत ।